निम्नः

रूपा गाउँपालिका कास्कीको सार्वजनिक खरिद नियमावली २०७७ स्विकृत गर्ने ।

**रुपा गाउँपालिका कास्कीको खर्चको मापदण्ड, २०७७** स्विकृत गर्ने ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०३

प्रस्ताव नं २०७७।०७८-०३।०३ माथि छलफल गर्दा गाउँपालिकाभित्रका खर फुसको छाना भएका व्यक्तिहरुलाइ जनता आवास कार्यक्रमको लाभग्राहीको रुपमा छनौट गरि टिनको छानो राख्नका लागी जनता आवासको कार्यविधि अनुसार छनौट गरी स्टेमेट गर्ने र १५ दिनभित्रमा अभिलेख गाउँपालिकामा पठाउने निर्णय गरियो ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०४

प्रस्ताव नं २०७७।०७८-०३।०४ माथि छलफल गर्दा आर्थिक बर्ष २०७७।०७८ को लागी गाउँपालिकाबाट प्रदान गरिने पाइप, तार, जाली बापत गाउँपालिकामा बुझाउनुपर्ने शुल्क देहायबमोजिम निर्धारण गरी अनुमोदनका लागी आगामी गाउँसभामा पेश गर्ने ।

देहायः

-पाइप ३२ mm सम्मको प्रति मिटर रु २ ।
-पाइप ३२ mm देखी ६३ mm सम्मको प्रतिमिटर रु १० ।
-पाइप ६३ mm देखी माथिको पाइप प्रतिमिटर रु ५० ।
-जाली प्रति जाली रु १०० ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०५

प्रस्ताव नं २०७७।०७८-०३।०५ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

देहायः

क) हालसम्म कोरोना भाइरस रोकथामको लागी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा हालसम्म भएको आम्दानी रु २,४६,६४,३६५। हालसम्मको खर्च रु १,१९,००,५३२ र मौज्दात रहेको रकम रु १,२७,६३,८३३ रहेको विवरण जानकारी प्राप्त भयो ।

ख) कोरोना रोकथाम कोषबाट भुक्तानी दिन बाँकी विल भरपाइहरुको विवरण उपर छलफल गरि क्वारेन्टिन तथा आइसोलेसन व्यवस्थापन आनन्दराज जोशीको तर्फबाट भएको खर्च रु २६५१८४ र रुद्र बहादुर थापा बाट भएको निम्नानुसारको खर्चः
-तरकारी तर्फ रु ९७,९२४ ।
-खाना खाजा तर्फ रु ४१८०।
-इलोक्ट्रोनिक्स तर्फ रु ७४८७९।
-किराना सामाग्री रु १०४९२८।

